## राहतको लागि रोजगारी कार्यक्रम संचालन कार्यविधि-२०७७

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ भाइरसको संक्रमणले सम्पूर्ण मानव जगत त्रहिमान भएकोले नेपाल सरकारले कोभिड-१९ को संक्रमण सँग जुध्न विगत डेढ महिना देखि बन्दाबन्दी (Lockdown) गरिरहेको साथै यसबाट नेपाल भरी थुप्रै असङ्गठित र अनौपचारिक क्षेत्रमा कार्य गर्ने श्रमिकहरुले आफ्नो रोजगारी गुमाउनु परेको अवस्था छ। असङ्गठित, अनौपचारिक क्षेत्रमा कार्यरत रोजगारीबाट विमुख हुदा श्रमिकहरुलाई राहत उपलब्ध गराउने प्रयोजनको लागि बारपाक सुलिकोट गाउँपालिका गाउँ कार्यपालिका बैठकले यो कार्यविधि बनाई लागु गरेको छ।

१. **संक्षिप्त नाम प्रारम्भ** :

(क) यस कार्यविधिको नाम राहतको लागि रोजगार कार्यक्रम कार्यविधि-२०७७ रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(ग) यो कार्यविधि बारपाक सुलिकोट गाउँपालिका भर लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउँपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिकालाई जनाउँछ।

(ख) श्रमिक भन्नाले असङ्गठित अनौपचारिक क्षेत्रमा कार्य गर्ने श्रमिकलाई जनाउँछ।

(ग) कार्यक्रम छनौट समिति भन्नाले यस कार्यविधि बमोजिमको कार्यलाई जनाउँछ।

(घ) ज्याला भन्नाले श्रमिकलाई न्युनतम ८ घण्टा काम गरे बापत दिइने नगदलाई जनाउँछ।

(ङ) सार्वजनिक पूर्वाधार भन्नाले यस गाउँपालिकामा सम्पन्न भएका र सम्पन्न हुन बाँकी रहेका सडक, सिंचाई, कृषि, पर्यटन, खानेपानीसँग सम्बन्धित पूर्वाधारलाई जनाउँछ।

(च) गैह्र बासिन्दा भन्नाले बारपाक सुलिकोट गाउँपालिकामा स्थायी बसोबास नभएको व्यक्तिहरुलाई जनाउँछ।

(छ) योजना भन्नाले यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमलाई जनाउँछ।

(ज) राहत भन्नाले न्युनतम जीवनयापन गर्नको लागि आवश्यक पर्ने खाद्यन्न भन्ने जनाउनेछ।

३. **कार्यक्रम संचालनको क्षेत्र र ढाँचा** :

यस कार्यविधि बमोजिम संचालन हुने आयोजना छनौट हुँदा देहाय बमोजिम आयोजना छनौट गरिनेछ।

(क) सडक निर्माण तथा मर्मत

(ख) कृषि सिंचाई

(ग) ग्रामीण खानेपानी

(घ) स्वास्थ्य तथा सरसफाई

(ङ) शिक्षा

(च) वन तथा जलाधार

(छ) पर्यटन

४. **कार्यक्रमको ढाँचा :** असङ्गठित, अनौपचारिक क्षेत्रबाट रोजगार गुमाएका व्यक्तिहरुका लागि गाउँपालिकाले देहायको ढाँचामा कार्यक्रम संचालन गर्नेछ ।

(क) सार्वजनिक पुर्वाधार निर्माण वा सार्वजनिक आयोजना मार्फत रोजगारी सिजना,

(ख) सार्वजनिक स्थानीय पूर्वाधार मर्मत सम्भार मार्फत रोजगारी सिर्जना ।

५. **कार्यक्रमको छनौट :** (१) गाउँपालिकाले यस कार्यक्रमको लागि योजना छनौट गर्दा वार्षिक निति तथा कार्यक्रममा छनौट भएका योजनाको सुचीबाट लागत प्रति वडा ५ लाख भन्दा बढि नहुने गरी छनौट गरिनेछ ।

(२) यसरी वडा तहले योजना माग गर्दा देहायका प्रक्रियाको योजना पहिचान गर्नेछ ।

(क) गरिबी निवारणमा टेवा पुग्ने,

(ख) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(ग) बन्दाबन्दीको कारण रोजगारी गुमाएका असङ्गठित अनौपचारिक क्षेत्रका कामदारलाई राहत ।

६. **श्रममूलक प्रविधिको प्रयोग गर्ने :** यस कार्यविधि बमोजिमको योजना संचालन गर्दा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, बिटुमिन जस्ता मेसिन तथा उपकरणहरु प्रयोग गर्न पाइने छैन ।

७. **लागत अनुगमन स्वीकृत भएको हुनुपर्ने :** यस योजना संचालन गर्नको लागि सम्भव भए सम्म प्राविधिक कर्मचारीबाट योजनाको लागत अनुमान गर्नुपर्नेछ ।

८. **न्युनतम नब्बे प्रतिशत ज्यालामा खर्च गर्नुपर्ने :** प्राविधिकको लागत अनुमान गर्दा श्रमिकलाई न्युनतम नब्बे प्रतिशत रकम ज्यालामा खर्च गर्ने गरि लागत अनुमान तयार गर्नुपर्नेछ । बाँकी दश प्रतिशत रकम निर्माण सामाग्री खरिद, हाते औजार खरिद, श्रमिकलाई कार्यस्थलमा आवश्यक पर्ने सामाग्री खरिद र प्रशासनिक खर्चको लागि प्रयोग गर्न सकिन्छ ।

९. **ज्यालादरको निर्धारण :** यस कार्यक्रम संचालनको लागि ज्यालादरको लागि दक्ष कामदारको लागि १०००।- र अदक्ष कामदारको लागि रु. ८००।- ज्याला निर्धारण गरिनेछ ।

१०. **न्युनतम समय :** कामदार/श्रमिकको लागि न्युनतम एक दिनमा ८ घण्टा कार्य समय तोकिनेछ । सो भन्दा बढी समय कार्य गरेमा दामीशाहीको दरले ज्यान दिन सकिनेछ ।

११. **अनुगमन गर्ने :** यस कायको लागि दैनिक अनुगमन वडा कार्यालयको प्रतिनिधिले गर्नेछ ।

१२. **स्थानीय औजार र ज्यावलहरु प्रयोग गर्ने बारे** : यस कार्यक्रम संचालन गर्दा श्रमिकहरुले स्थानीय उपकरण सम्भव भए सम्म प्रयोग गर्नुपर्नेछ ।

१३. **गैह्र स्थानीय बासिन्दाले समेत अवसर प्राप्त गर्न सक्ने** : नेपाल सरकारबाट बन्दाबन्दीको अवस्थामा बाहिरी जिल्ला वा स्थानीय तहबाट गन्तव्यमा जानबाट नसकी यसै पालिका भित्र रहेका श्रमिकहरु समेतले यस कार्यक्रममा अवसर प्राप्त गर्नेछन ।

१४. **श्रम गर्दा अनिवार्य स्वास्थ्य प्रोटोकल पालना गर्नुपर्ने** : यस कार्यक्रम संचालन गर्दा कोभिड-१९ को रोकथामको लागि विश्व स्वास्थ्य संगठनले जारी गरेको स्वास्थ्य प्रोटोकल अनिवार्य रुपमा पालना गराइने छ । समूहमा काम गर्दा बढीमा ५ जना भन्दा बढी राखिने छैन ।

१५. **समय पालना सम्बन्धि व्यवस्था** : यस कार्यक्रम संचालन गर्दा कार्यलयले तोकेको कार्य समयमा रुपमा पालना गर्नुपर्नेछ । अन्यथा भएमा समय पालना नगर्ने श्रमिकलाई नकारात्मक सुचीमा राखी कारवाही गरिनेछ ।

१६. **दैनिक ज्याला भुक्तानी गरिने** : श्रमिकलाई कार्य गरे वापत दैनिक रुपमा ज्याला दिइनेछ । सोको जिम्मेवारी सम्बन्धित वडा कार्यालयलाई दिइनेछ । वडा कार्यालयले डोर हाजिरीको आधारमा भरपाई गरी सोको अभिलेख राखी गाउँपालिकामा पठाउनु पर्नेछ ।

१७. **कार्यक्रम कार्यान्वयन गर्ने शाखा** : यस कार्यक्रमको कार्यान्वयन योजना तथा अनुगमन शाखाको समन्वयमा सम्बन्धित वडा कार्यालयहरुबाट हुनेछ ।

१८. **निर्देशन समिति** : (१) कार्यक्रमलाई सहजीकरण गर्नको लागि देहाय बमोजिमको एक निर्देशन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) रोजगार शाखाको प्रमुख - सदस्य

(ङ) योजना अधिकृत - सदस्य सचिव

(२) समितिको वैठक आवश्यकता बमोजिम बस्नेछ । वैठकको कार्यविधि समितिले आफै निर्धारण गर्नेछ ।

१९. **निवेदन दिन सक्ने** : यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागी हुनको लागि इच्छुक मजदुरले अनुसुची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२०. **कार्यगत सम्झौता सम्बन्धि व्यवस्था :** यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागी हुन कोभिड १९ को स्वस्थ्य संवेदनशीलतालाई पालन गर्ने प्रयोजनको लागि एक समूहमा पाँच जना नबढ्ने गरि अनुसुची ३ बमोजिमको ढाँचामा समूहगत सम्झौता गर्नुपर्नेछ ।

२१. **डोर हाजिरी सम्बन्धि व्यवस्था :** राहतका लागि रोजगारी कार्यक्रम संचालन गर्ने वडाले कार्यक्रममा सहभागी मजदुरहरुको डोर हाजिरी अनुसुची २ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

२२. **प्रतिवेदन सम्बन्धि व्यवस्था :** राहतका लागि रोजगार कार्यक्रम संचालन गर्ने सम्बन्धित वडाले अनसुची ४ बमोजिमको ढाँचामा गाउँपालिकामा पेश गर्नुपर्नेछ । अन्याथा गाउँपालिका भुक्तानी दिन बाध्य हुनेछैन ।

२३. **संसोधन** : यस कार्यविधिमा आवश्यकता बमोजिम गाउँकार्यपालिकाले संसोधन गर्न सकिनेछ ।

**अनुसुची-१**

मिति : २०७७/     /

श्रीमान वडा अध्यक्ष ज्यू

..... वडा कार्यालय

बारपाक सुलिकोट गाउँपालिका ताकुकोट, गोरखा ।

**विषय : <u>राहतको लागि रोजगारी गर्ने सम्बन्धमा</u> ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाद्धारा मिति २०७७ बैशाख २४ गते कार्यपालिकाको बैठकबाट पारित राहतका लागि श्रम कार्यविधि २०७७ को लागि म ज्यालादारी श्रम गरि राहत रकम लिनको लागि वडा कार्यालयको जिम्मेवारी अनुसार कार्य गर्न इच्छुक भएकोले यो निवेदन पेश गरेको छु ।

कार्य गर्न सकिने प्रकृति    खन्ने ☐

गारो लगाउने ☐

हस्ताक्षर    अन्य काम :..................................

नाम :    बुवाको नाम :    बाजेको नाम

ठेगाना :

सम्पर्क नं.. :

नागरिकता नं. र जारी जिल्ला

| | |
|---|---|
| | |

**ल्याप्चे**

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसुची-३

# बारपाक सुलिकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## ताकुकोट, गोरखा

### राहतको लागि रोजगारी कार्य समूहगत सम्झौता ।

बारपाक सुलिकोट गाउँपालिका ....... न वडा कार्यालय बिच हामी तपसिल बमोजिमको समूहमा रही वडा कार्यालयले तोकिएको निम्नानुसारको कार्यहरु गर्न र राहतको लागि काम कार्यविधि २०७७ अनुसार कार्य गर्न मञ्जुर भएकोले रुपमा काम गर्न समूहगत रुपमा सम्झौता गरि लियौ दियौ ।

**कार्य गर्ने स्थान :**

| क्र.सं. | श्रम कार्य गर्ने मुख्य कार्यहरु | एकाइ |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

| श्रम समूहको नाम | | हस्ताक्षर | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

| दैनिक रुपमा गरिने वडा स्तरको अनुगमन (घण्टामा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

**वडा सचिव**

नाम :

हस्ताक्षर :

छाप :

मिति : २०७७/ / गते

मिति २०७७/०१/२४ गते बसेको गाउँ कार्यपालिकाको वैठकले सर्वसम्मत रुपमा पारित गरेको राहतका लागि रोजगारी कार्यक्रम संचालन कार्यविधि-२०७७ स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ बमोजिम प्रमाणिकरण गर्दछु ।

नाम : विष्णु प्रसाद भट्ट

पद : गाउँपालिका अध्यक्ष

दस्तखत :

प्रमाणिकरण मिति :